Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

मिति : **२०७८ जेष्ठ १४**

## प्रेस विज्ञप्ति

नेपालमा दोस्रो लहरको कोरोना संक्रमित बढेसंगै देशको विभिन्न भागहरुमा निषेधाज्ञा लागु गरिएको छ । त्यो संगै यातायातमा प्रतिबन्ध लगाइएको छ र अस्पतालहरु कोभिड संक्रमितले भरिएका छन् । पहिलो लहरको कोरोनामा भ्रै स्वास्थ्य संस्था बन्द नगरिए पनि अन्य कोरोना संक्रमित विरामीको उपचार बाहेक अन्य सेवाहरु अहिले प्रभावित भएका छन् । हाल महिला तथा किशोरीहरु जो गर्भवति वा सुत्केरी भएका छन् उनीहरु यातायातको अभाव र संक्रमण सर्ने डरले स्वास्थ्य संस्थाहरुमा गईरहेका छैनन् । पहिलो लहरमा मातृमृत्यु दर ह्वात्तै बढेको थियो भने अहिलको लहरमा यति नै बढेको भनेर तथ्यांकमा आइसकेको छैन तर यसरी नै निषेधाज्ञा बढ्दै जादा स्थिति भयाभव नहोला भन्न सकिन्न[1] ।

प्रजनन् स्वास्थ्य निरपेक्ष विषय नभई जीवनका धेरै विषयसँग जोडिएको बहुआयामिक तथा नैसर्गिक अधिकारको विषय हो । तर नेपालमा महिला र किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुन सकेको छैन । यस्तो अवस्थामा झनै महामारीको रूपमा फैलिरहेको कोराना संक्रमण (कोभिड १९) का कारण महिला र किशोरीहरु यौन तथा प्रजनन् स्वास्थ्य सेवाबाट बञ्चित हुनु परिरहेको कुरा सञ्चारमाध्यमहरुले निरन्तर उजागर गरेका छन् ।

विश्व नै महामारीको अवस्थाबाट गुज्रिएको अवस्थामा सबैको ध्यान कसरी यस महामारीबाट बच्ने र बचाउने भनेर केन्द्रित हुनु स्वभाविक हो । हाल नेपाल सरकारको पहिलो प्राथमिकता पनि महामारी नियन्त्रण रहेको छ । तथापि महिलाको प्रजनन् सेवा अति नै संबेदनशिल र कुनै पनि हालतमा अवरुद्ध हुन नहुने सेवा हो । यो सेवा अवरुद्ध हुंदा झनै जटिल अवस्था सिर्जना हुन सक्छ । तसर्थ, ओरेक नेपाल यो निषेधाज्ञाको बेला महिलाको प्रजनन् अधिकार सुनिश्चितताको लागि निम्नबुँदामा सरकार तथा सरोकारवालाको ध्यानाकर्षण गराउन चाहन्छ :

- यौन तथा प्रजनन् स्वास्थ्य अधिकार अत्यावश्यक र महत्वपूर्ण मानव अधिकार हो, यो महामारीको कारणले कुनै पनि महिलाले महिला अधिकार र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारबाट वञ्चित नगरियोस् ।
- यौन तथा प्रजनन् स्वास्थ्य सेवा पहिले जस्तै प्रबाह गर्नका लागि महामारी अन्त्य गर्न जरुरी छ । सबै नागरिकमा खोपको उपलब्धता सुनिश्चिता नगरेसम्म यस महामारीको अन्त्य हुँदैन, त्यसैले सबै नागरिकलाई खोपको व्यवस्था गरियोस् ।
- महामारीको समयमा आवश्यक र बृहत्तर यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरु जस्तै आपतकालिन गर्भवती जाँच, सुत्केरी सेवा, गर्भनिरोधक, एन्टिरेट्रोभाइरल औषधी, सुरक्षित गर्भपतन सेवा, गर्भपतन पछि दिइने सेवाहरुको समयमै पहुँच सुनिश्चित गरियोस् ।
- महिला तथा किशोर किशोरीहरुमा कोभिड १९ को नकरात्मक र दिगो प्रभावलाई सम्बोधन गर्न एक अन्तरलैंगिक र लैंगिक उत्तरदायी दृष्टिकोण आवश्यक छ । लैंगिकता र यौन तथा प्रजनन् स्वास्थ्यको सम्बन्धमा रहेको जानकारीबीचको अन्तर हटाउन आजैदेखि बलियो प्रमाणहरु जुटाउन सुरुवात गरियोस् ।

[1] A 200 percent increase in maternal mortality since the lockdown began (https://kathmandupost.com/national/2020/05/27/a-200-percent-increase-in-maternal-mortality-since-the-lockdown-began)

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

- सीमान्तकृत समुदायलाई आफ्नो स्वास्थ्यको बारेमा सूसुचित निर्णय लिनको लागि सशक्तिकरण गर्नु पर्दछ। यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, लैंगिक विभेदमा आधारित हिंसा सम्बन्धी सेवाहरु, मानसिक स्वास्थ्य सेवाहरु सहित सिमान्तकृत समुदायको बृहत्तर स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारको प्रबर्द्धन तथा यसको पहुँचमा सुनिश्चितता गरियोस्।
- महामारीको बेलामा पनि युवाहरुलाई बृहत्तर योनिकता शिक्षाको साथै युवामैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरियोस्।
- महामारीको बेला लैंगिक हिंसा रोकथाम, प्रतिकार्य, सुरक्षा र उत्तरदायी संयन्त्रहरु प्रभावित केन्द्रित बनाईयोस्।
- यो महामारीमा सरकारले महिला, किशोरी, ान्यत्क्ष्त्तं व्यक्तिहरु, घरबारविहिन र विस्थापित, शरणार्थी, आप्रवासी, शरण खोज्नेहरु, आदिवासी व्यत्तिहरु, अपांगता भएका व्यक्तिहरु र अन्य समूहहरु जो सिमान्तिकृत र बहिस्कृत छन् यी सबै समूहहरुको फरक आवश्यक्ताको सम्बोधन गरि यौन तथा प्रजनन् सेवा प्रवाह गरियोस्।
- मानसिक रुपमा स्वस्थ नभई अन्य रुपमा स्वस्थ हुन असम्भव छ। त्यसैले यो महामारीको बेला मानसिक स्वास्थ्य सेवालाई विशेष जोड दिईयोस् र स्थानिय तहमा मनोविमर्श सेवा प्रदान गर्ने व्यवस्था गरियोस्।

**धन्यवाद।**

लुभराज न्यौपाने
कार्यकारी निर्देशक